आज मिति २०८१ साल ...९२... महिना १०. गते चुमनुव्री गाउँ कार्यपालिकाका अध्यक्ष श्री निमा लामा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो।

**उपस्थिति:**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | निमा लामा | |
| २ | उपाध्यक्ष | लक्ष्मी गुरुङ | |
| ३ | वडा अध्यक्ष १ | कर्मा छेवाङ लामा | |
| ४ | वडा अध्यक्ष २ | मिङ्ग्युर दोर्जे लामा | |
| ५ | वडा अध्यक्ष ३ | रामकुमार गुरुङ | |
| ६ | वडा अध्यक्ष ४ | पेमा ग्यलपो लामा | |
| ७ | वडा अध्यक्ष ५ | कालेन छेवाङ | |
| ८ | वडा अध्यक्ष ६ | सरोज लामा | |
| ९ | वडा अध्यक्ष ७ | टसी दोर्जे लामा | |
| १० | महिला सदस्य | सुनाम साङमो | |
| ११ | महिला सदस्य | कुन्छोक डोल्मा लामा | |
| १२ | महिला सदस्य | छिरिङ भुटी लामा | |
| १३ | महिला सदस्य | ढोलमा लामा | |
| १४ | मनोनित सदस्य(अल्पसंख्यक) | रुवेश घले | |
| १५ | मनोनित सदस्य(दलित) | गणेश विश्वकर्मा | |
| १६ | सदस्य सचिव | मनोज लामिछाने | |

**अन्य उपस्थिति :**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

चुमनुव्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

कार्यपालिका बैठक मिति : २०८१।१२।१० गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।१२।०७ गते।

मिति २०८१।१२।१० गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. निर्णय समिक्षा सम्बन्धमा।
२. कक्षा स्तरोन्नती सम्बन्धमा।
३. आँखा शिविर सञ्चालन सम्बन्धमा।
४. मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालयमा योजना माग सम्बन्धमा।
५. जगत गाउँ नदि नियन्त्रण तथा बाटो सफा गर्ने सम्बन्धमा।
६. डढेलो नियन्त्रण सम्बन्धमा।
७. कर्मचारी सेवा निवृत्त सेवा सुविधा कोष स्थापना सम्बन्धमा।
८. खाद्यन्न कोटा थप सम्बन्धमा।
९. न्यायिक समिति सदस्यलाई पोसाक भत्ता उपलब्ध गराउने सम्बन्धमा।
१०. अध्यक्ष कप खेलकुद कार्यक्रम सञ्चालन कार्यविधि २०८१ स्विकृत सम्बन्धमा।
११. विद्यालय सम्मान सम्बन्धमा।
१२. जोखिम भत्ता सम्बन्धमा।
१३. बजेट व्यवस्थापन सम्बन्धमा।
१४. उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम सम्बन्धमा।
१५. सल्लेरी सामुदायिक भवन सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८१।८२ मा हाल सम्म गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।

२. चुमनुब्री गाउँपालिका वडा नं ५ मा रहेको सेराङ्गी गुम्बा आधारभूत विद्यालयलाई विद्यालयको व्यवस्थापन समितिको निर्णय तथा पत्र एवं चुमनुब्री गाउँ शिक्षा समितिको सिफारीस बमोजिम कक्षा ९ को अध्ययन अध्यापन सञ्चालन गराउन अनुमती दिने र चुमनुब्री गाउँपालिका वडा नं ६ मा रहेको सिद्ध गणेश आधारभूत विद्यालयलाई सोही प्रक्रिया बमोजिम कक्षा ६ को अध्ययन अध्यापन सञ्चालन गराउन चुमनुब्री गाउँपालिका शिक्षा ऐन २०७५ बमोजिम अनुमति दिने।

३. चुमनुब्री गाउँपालिकाका नागरिकलाई निशुल्क आँखा स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन नेपाल आँखा कार्यक्रम, तिलगंगा प्रतिष्ठान र चुमनुब्री गाउँपालिकाको सहकार्य तथा समन्वयमा चुमनुब्री गाउँपालिका वडा नं ५ विहिमा निशुल्क आँखा स्वास्थ्य शिविर सञ्चालन गर्ने, सो कार्यक्रममा प्रतिष्ठान र गाउँपालिकाबीच सम्झौता गर्न गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने तथा उक्त आँखा शिविर कार्यक्रममा खर्च व्यवस्थापन **विभिन्न कार्यक्रम गाउँपालिकाको लागत साझेदारी** शिर्षकबाट बेहोर्ने।

४. मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय फिलिम गोरखासँग आ व २०८१।८२ मा सञ्चालन गर्ने गरी पर्यटन पूर्वाधार विकासका लागि तपसिलका योजना माग गर्ने र प्राप्त हुने बजेट गाउँपालिका विविध

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

खातामा जम्मा गरी वा  कार्यसम्पन्न भएपश्चात प्राविधिक मुल्यांकनका आधारमा सम्बन्धीत उपभोक्ता समितिको बैंक खाता भुक्तानी दिनका लागि लेखी पठाउने ।

तपसिल

| सि नं | योजनाको नाम | स्थान | लागत अनुमान | कै |
|---|---|---|---|---|
| १ | नाक्चेत - झोलुङ्गे पुल पि सि सि बाटो निर्माण योजना | चुमनुब्री-३ नाक्चेत | रू ८,१०,०८३.०५ | |
| २ | नाक्चेत डम्पिङ साईट निर्माण योजना | चुमनुब्री-३ नाक्चेत | रू १,८७,८७१.४५ | |
| | उपभोक्ता समितिको साझेदारी सहित कुल जम्मा लागत अनुमान | | रू ९,९७,९५४.५० | |
| | उपभोक्ता समितिले खुद पाउने रकम | | रू८,६८,१५०.०० | |

५. चुमनुब्री गाउँपालिका वडा नं ३ मा रहेको जगत गाउँ बुढिगण्डकी नदिको कटानबाट जोखिममा रहेको हुँदा गाउँपालिकाको एक्साभेटर प्रयोग गरी प्राविधिक सहितको टोली खटाई एक्साभेटर सञ्चालनका लागि ईन्धनको व्यवस्था गाउँपालिकाबाट गरी नदि कटान नियन्त्रण गर्ने तथा  जगत गाउँमा प्रदेश सरकारबाट बाटो स्तरोन्नती गर्ने योजना रहेको र योजना कार्यान्वयनका क्रममा बाटो बन्द हुने भएकोले वैकल्पिक बाटोका लागि जगत गाउँ मुनिबाट बगर गाउँ जोड्ने बाटो गाउँपालिका एक्साभेटर ईन्धन सहित प्रयोग गरि सफा गर्ने ।

६. चुमनुब्री गाउँपालिका वडा नं ३ मा डढेलो नियन्त्रण गर्नका लागि  गाउँगाउँ तथा विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने, हातहतियार बुझाउनका लागि जिल्ला प्रशासन कार्यालय गोरखामा लेखि पठाउने, डढेलो नियन्त्रणका लागि निगरानी गर्न ड्रोन खरिद गर्ने तथा सरोकारवालासँगको सहकार्यमा डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन कार्यविधिको मस्यौदा तयार गर्ने ।

७. स्थानीय सेवामा कार्यकर कर्मचारीका लागि कर्मचारी सेवा निवृत्त सुविधा उपलब्ध गराउन कोष स्थापना गर्ने तथा वार्षिक रूपमा रकम जम्मा गर्न गाउँसभामा पेश गर्ने ।

८. चुमनुब्री गाउँपालिका भित्र खाद्य तथा व्यापार कम्पनीबाट प्राप्त हुने चामल हाल प्राप्त भईरहेकोमा नामरूङ विक्रि केन्द्रका लागि थप १००० क्विन्टल र चुमलिङ विक्रि केन्द्रका लागि थप ३०० क्विन्टल चामल कोटा थप गर्नका लागि लेखि पठाउने तथा चामलको ढुवानीमा अनुदान दिए जस्तै नुनको ढुवानीमा पनि अनुदान दिई सहजीकरण गरिदिन समेत अनुरोध गर्ने ।

९. चुमनुब्री गाउँपालिका न्यायिक समिति सदस्यको पोसाकमा एकरूपता ल्याई न्यायिक कार्य सम्पादनलाई चुस्त बनाउन तपसिलको पोसाक कोड तोकी न्यायिक समिति सदस्यहरूलाई जनही रू १५०००।- का दरले न्यायिक समिति पोसाक व्यवस्थापन कार्यक्रमबाट भुक्तानी दिने ।

**पुरूषको हकमा**

कालो कोट

सेतो सर्ट

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छेकम्पार, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

कालो भादगाउँले टोपी

**महिलाको हकमा**

गाढा निलो ब्लाउज

आकेशे निलोमा गाढा निलो पल्ला भएको सारी

कालो कोट

१०.चुमनुब्री गाउँपालिकामा खेलकुद कार्यक्रम व्यवस्थित तथा प्रभावकारी एवं मितव्ययी रूपमा सञ्चालन गर्न अध्यक्ष कप खेलकुद कार्यक्रम सञ्चालन कार्यविधि २०८१ स्विकृत गर्ने।

११. चुमनुब्री गाउँपालिका तथा गोरखा जिल्लामै एस ई ई परिक्षा २०८० मा उत्कृष्ट नतिजा ल्याउन सफल चुमनुब्री गाउँपालिका वडा नं २ मा रहेको ल्हो माध्यामिक विद्यालयलाई विद्यालयमै कार्यक्रम आयोजना गरि विद्यार्थी तथा विद्यालय सम्मान कार्यक्रम आयोजना गर्ने।

१२. चुमनुब्री गाउँपालिका अन्तर्गतका स्वास्थ्य सँस्थाहरूका ल्याबमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।०३।०५ को प्रयोगशालामा कार्यरत कर्मचारीहरूलाई प्रयोगशाला जोखिम भत्ता सम्बन्धमा भन्ने परिपत्र अनुसार शुरू तलब स्केलको पच्चिस प्रतिशत जोखिम भत्ता गाउँपालिका जोखमि भत्ता शिर्षकबाट उपलब्ध गराउने।

१३.मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ बमोजिम औषधी उपचार खर्च उपलब्ध गराउन आवश्यक बजेट व्यवस्थापनका लागि गाउँसभामा पेश गर्ने।

१४.उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत होमस्टे व्यवसायसँग सम्बन्धीत सामाग्री ८० प्रतिशत अनुदानमा वितरण गर्ने गाउँसभाको निर्णयानुसार आवश्यक सामाग्रीको माग विवरण संकलनका लागि सूचना प्रकाशन गर्ने साथै उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमबाट अनुदानमा सञ्चालित कार्यक्रममा सामाग्री ढुवानीमा लागत बाहेकको सामाग्री खरिदको मुल्यमा मात्र लाभग्राहीलाई लागत साझेदारी गराउने।

१५.चुमनुब्री गाउँपालिका वडा नं ३ सल्लेरीमा रहेको गाउँपालिकाको लागतमा निर्माण रहेको सामुदायिक भवन, टाईम्स ईनर्जी प्रा ली ले बुढिगण्डकी जलविद्युत निर्माण गर्दा सम्पुर्ण सल्लेरी क्षेत्र मुअब्जामा लिने भएको हुँदा उक्त सामुदायिक भवनको प्राविधिक मुल्यांकन तथा बजार मूल्यको आधारमा कायम भएको मुअब्जा रकम टाईम्स ईनर्जी प्रा ली बाट प्राप्त गरी गाउँपालिका आन्तरिक राजश्व खातामा दाखिला गर्ने।

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल